# मैले नजन्माएको छोरो कथामा दृष्टिविन्दु

**अनिल अधिकारी**
उपप्राध्यापक
महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस

**बेनुबहादुर कार्की**
उपप्राध्यापक
भोजपुर बहुमुखी क्याम्पस
**Corresponding Email:aniladhikaribhojpur@gmail.com**

## लेखसार

*प्रस्तुत लेख मैले नजन्माएको छोरो कथामा दृष्टिविन्दु शोधसमस्याको समाधान कथाका दृष्टिविन्दु पात्र र अन्य पात्रको सम्बन्ध, प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग र उक्त प्रयोगको प्रयोजनजस्ता तीन विषयगत शोध्यसमस्याको विश्लेषणमा केन्द्रित छ । गुणात्मक अनुसन्धानविधि र पाठविश्लेषण ढाँचामा तयार हुने यस लेखमा विषयगत आधारमा कथाबाट लिइएका उद्धरण दृष्टिविन्दुको सैद्धान्तिक मान्यताका आधारमा विश्लेषणात्मक विधिमा अर्थापन भएका छन् । आख्यान सिद्धान्तअन्र्तत दृष्टिविन्दु यस लेखको सैद्धान्तिक आधार हो । दृष्टिविन्दु आख्यानमा समाख्याताले कथ्यविषयको प्रस्तुतिका लागि चयन गरेको पात्र हो भने कथाका अन्त तत्त्वसँग प्रत्यक्ष सम्बन्ध रहने यस तत्त्वले सिर्जनालाई पाठकसँग जोडी कथा कसको हो ? कथामाथि कसले प्रकाश पारिरहेको छ ? कथालाई आख्यान सूत्रमा बाँध्नका लागि अवलम्बन गरेको पद्धति कस्तो छ ? जस्ता प्रश्नको उत्तरमा आउने विषयलाई खोजी गर्दछ । कथामा दृष्टिविन्दु त्यो स्थिति स्थान वा सीमा हो जसको माध्ययमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठक वर्ग समक्ष पुऱ्याउने आधार मानिन्छ । यस लेखमा मैले नजन्माएको छोरो कथामा दृष्टिविन्दु पात्र 'म' र अन्य पात्रबीचको सम्बन्ध आलोचनात्मक, निरपेक्ष, अन्तर्मुखी एवम् सम्बन्धविहीन सम्बन्धमा आधारित विषयको स्थापना गर्न अग्रसर छ भने कथाको आरम्भदेखि अन्त्यसम्मका आख्यान निर्मापक द्वन्द्व, क्रिया, घटना र कथ्यविषयमा 'म' पात्रको प्रत्यक्ष संलग्नता रही कथाको आरम्भ, विकास, बिस्तार र निष्कर्षप्राप्ति प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको पुष्टि हो । यस कथामा प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोजन व्यक्तिगत स्वतन्त्रताका अन्तर्यमा अस्तित्ववादी जीवनचेतनाको प्रस्तुतीकरण रहेको विषयमा विमर्श भएको छ ।*

**शब्दकुन्जी :** *दृष्टिविन्दु, समाख्याता, समाख्यानात्मक, सम्बोधक, अभिवृत्ति, विचार।*

**विषयप्रवेश**

प्रस्तुत लेख "मैले नजन्माएको छोरो" कथामा दृष्टिविन्दुको विश्लेषणसम्बद्ध छ । प्रस्तुत कथा २०२१ सालको *रचना* वर्ष ३(१) मा प्रथमपटक प्रकाशित भई *आदिम देशमा* (२०२५) कथासङ्ग्रहमा सङ्गृहीत भई पुनर्प्रकाशित भएको कथा हो । प्रस्तुत कथाकी रचयिता पारिजात (१९९४-२०५०) नेपाली साहित्यका कविता, आख्यान, निबन्ध र नाटक विधामा कलम चलाउने साधक हुन् । साहित्यक्षेत्रमा २०१३ सालमा *धर्ती* पत्रिकामा "आकाङ्क्षा"शीर्षकको कविता प्रकाशन गरी प्रवेश गरेकी पारिजातको "मैले नजन्माएको छोरो" प्रथम प्रकाशित कथा हो । पारिजातलाई कथाकार व्यक्तित्व प्रदान गर्न *आदिम देश* (२०२५) *सडक र प्रतिभा* ( २०३२), *साल्गीको बलात्कृत आँसु* (२०४३) र *बधशाला जाँदाआउँदा* (२०४९) चार कथासङ्ग्रह प्रकाशित छन् । प्रस्तुत कथा कथाकारको कथालेखनगत प्रथम चरणको जीवनदृष्टिलाई अभिव्यञ्जित गर्ने कृति हो । आरम्भकालीन कथामा अस्तित्ववादी विसङ्गतिवादी भावधारालाई अङ्गीकार गरी कथा लेख्ने पारिजातको प्रस्तुत कथा अस्तित्ववादी जीवनचेतना प्रतिबिम्बन भएको रचना हो । प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुका अन्तर्यमा संरचनात्मक आयाम प्राप्त गरेको प्रस्तुत कथा दृष्टिविन्दुका कोणबाट विश्लेषणीय सामग्री हो ।

कथाका प्रमुख तत्त्वहरू मध्ये दृष्टिविन्दु एउटा तत्त्वका रूपमा रहेको छ । प्रथमपुरूष दृष्टिविन्दु समाख्याता स्वयम् उपस्थित भई वा म/हामी पात्रका माध्यमबाट कथागत अभिवृत्तिलाई प्रस्तुत गर्दछ भने त्यस्तो दृष्टिविन्दु आन्तरिक प्रथमपुरूष दृष्टिविन्दुअन्तर्गतको केन्द्रीय दृष्टिविन्दुका रूपमा आएको हुन्छ । यस दृष्टिविन्दुको केन्द्रमा स्रष्टा स्वयम् उपस्थित रहेको हुन्छ अथवा आफूले चयन गरेको कथयिता पात्रलाई आफ्ना विचारको प्रस्तुतिका लागि निर्देशित गरिरहेको हुन्छ । विशेष गरी समाख्यानमूलक विचार, मानसिक परिवेश र सन्दर्भलाई चित्रण गर्ने क्रममा यस दृष्टिविन्दुको प्रयोग बढी मात्रामा हुन्छ । यस दृष्टिविन्दुमा समाख्याताप्रदत्त सम्बोधकले आफ्ना विचार वा अभिवृत्तिलाई म वा हामी पात्रकै केन्द्रीयतामा प्रस्तुत गर्दछ । यस लेखमा प्रथमपुरूष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरी रचना भएको दृष्टिविन्दुका दृष्टिले अध्ययनीय यस कथामा दृष्टिविन्दुको विश्लेषणका लागि निम्नलिखित शोध्यप्रश्न निर्धारण भएका छन् ।

क. कथामा दृष्टिविन्दु पात्र र अन्यपात्रको सम्बन्ध के कस्तो छ ?
ख. कथामा प्रथमपुरूष दृष्टिविन्दुको प्रयोग कसरी भएको छ ?
ख. कथामा प्रथमपुरूष केन्द्रीय दृष्टिविन्दु प्रस्तुतिको प्रयोजन के हो ?

प्रस्तुत लेख "मैले नजन्माएको छोरो" कथामा दृष्टिविन्दुको विश्लेषण र अर्थापन गर्ने समस्याको समाधानमा केन्द्रित छ । साहित्यको विधासिद्धान्तअन्तर्गत आख्यानसिद्धान्त र त्यसका अन्तर्यमा दृष्टिविन्दुमा केन्द्रित रही हुननसकेको अध्ययनको रिक्तताका साथै तद्विषयक प्रायोगिक पक्षको प्राज्ञिक औचित्य पुष्टि गर्ने उद्देश्यमा केन्द्रित छ । कथामा दृष्टिविन्दु र त्यसमा पनि प्रथमपुरुष दृष्टिविन्दुको सैद्धान्तिक पक्षका आधारमा विश्लेषण गरिने यस लेखले "मैले नजन्माएको छोरो" कथाका माध्यमबाट भावी अध्येताका लागि मार्गनिर्देश प्राज्ञिक उद्देश्यको परिपूर्ति गरेको छ ।

## शोधविधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धानविधिमा भएको छ भने यसमा आएका समस्यासित सम्बन्धित सामग्रीहरूको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट भएको छ । प्राथमिक स्रोतको सामग्री पारिजातद्वारा लिखित *मैले नजन्माएको छोरो* कथा हो। द्वितीयक सामग्रीको रूपमा आधारभूत सैद्धान्तिक सामग्रीका लागि विभिन्न अनुसन्धानात्मक ग्रन्थ तथा लेखहरू रहेका छन्। प्रस्तुत अध्ययनमा समस्याको समाधानका लागि विधासिद्धान्तअन्तर्गत आख्यानमा दृष्टिविन्दुको उपादेयता र यसको महत्त्वलाई सैद्धान्तिक आधारको रूपमा प्रयोग भएको छ। स्थापित सैद्धान्तिक पर्याधारका आधारमा सङ्कलित सामग्रीको विश्लेषणका लागि कृतिकेन्द्री अध्ययन पद्धतिको उपयोग भएको छ। यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग भएको छ।

## सैद्धान्तिक आधार

आख्यानमा कथ्यविषयलाई प्रस्तुत गर्ने माध्यमका रूपमा दृष्टिविन्दु कथारचनाको मुख्य संरचक घटक हो । आख्यानमा आख्यानकारले लेखकीय विचार वा दृष्टिकोण पाठक वा श्रोतालाई प्रत्यक्ष सम्बोधन नगरी कथ्यप्रस्तुतिका लागि निश्चित माध्यम चयन गरेको हुन्छ । आख्यानको आख्यानशास्त्रीय अङ्गका रूपमा दृष्टिविन्दुको भूमिका सम्बोधकका अवधारणालाई सम्बोधितसमक्ष पुऱ्याउनका लागि प्रयोग गर्ने माध्यम हो भने समाख्यानशास्त्रले यही विषयलाई समाख्याताका रूपमा रहने सिद्धान्त विकास गरेको छ । कथावाचकले कथाको बारेमा के कति जानेको छ भन्ने कुराको उत्तर नै दृष्टिविन्दु हो (रोजेनहाइम, सन् १९६७, पृ. ७०) । कथाकारले आफ्नो लेखकीय अभिवृत्ति अर्थात् विचारलाई पाठकसमक्ष पुऱ्याउनका लागि चयन गरेको मार्ग नै दृष्टिविन्दुका रूपमा मुखरित भएको हुन्छ । वास्तवमा आख्यानकारले आफ्नो चिन्तनलाई वस्तु यथार्थसित गाँसेर उच्च कला-प्रविधि दिन सक्षम हुन सक्तैन भने त्यहाँ दृष्टिकोणको प्रश्न गौण बन्न पुग्ने हुँदा आख्यानमा कथावाचकको स्थिति प्रमुख कुरा होइन प्रमुख कुरा त पात्र, कथावाचक र लेखकबीचको स्थिति हो (बुथ, सन् १९६१, पृ. १५१) । लेखकीय दृष्टिकोणलाई पाठकसमक्ष पुऱ्याउने माध्यम भएको र लेखकीय अभिवृत्तिलाई पाठकसँग जोड्ने विषयसँग सम्बन्धित भएकाले दृष्टिविन्दुलाई लेखक र पाठकका बीचको सम्बन्धसूत्र गाँस्ने मुख्यतत्त्व हो ।

दृष्टिविन्दु कथाको मूल तत्त्व हो। दृष्टिविन्दु भनेको कथाको कथन गर्ने दृष्टिको विन्दु वा कोण हो र यसलाई दृष्टिकोण वा कथनपद्धति पनि भन्न सकिन्छ (अवस्थी, २०५५, पृ. ८) । कथामा दृष्टिविन्दुको भूमिका कसरी र कुन रूपमा वाञ्छित रहेको हुन्छ भन्ने पक्षमा शब्द प्रयोगका दृष्टिले भिन्न रहे पनि यसको उद्देश्य र प्रयोजनका विषयमा विधासिद्धान्त स्पष्ट छ। कुनै आख्यान कसको कथा हो र त्यस कथालाई भन्ने समाख्याता को हो भन्ने कुरा नै दृष्टिविन्दु हो। यसबाट नै आख्यानको उपस्थापनापद्धति र कथनभूमि निर्दिष्ट हुन्छ (शर्मा, २०५५, पृ. ४१४) । दृष्टिविन्दुले स्रष्टाको सृजनालाई पाठकसँग जोड्ने आधार तत्त्वका रूपमा भूमिका खेलेको हुन्छ। कथा कसको हो ? कथाका वर्ण्य विषयमाथि कसले प्रकाश पारिरहेको छ ? कथालाई आख्यान सूत्रमा बाँध्नका लागि कथाकारले अवलम्बन गरेको पद्धति आदि दृष्टिविन्दुमा अन्तर्भूत रहेका हुन्छन् । दृष्टिविन्दु त्यो स्थिति स्थान वा सीमा हो जसको माध्ययमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठक वर्ग समक्ष

पुऱ्याउँछ । कथाकार र पाठक वर्गबीचको सन्दर्भ सूत्र नै दृष्टिविन्दु हो । यसैलाई माध्यम बनाएर कथाकारले आफ्नो सामाग्रीलाई कथाको आकारमा मूर्तिमान गर्दछ । कथामा त्यो कति महत्त्वपूर्ण छ भने यो विना कथामा प्रयुक्त कार्यपीठिका, चरित्रचित्रण, भावपरिमण्डल आदिमा सजीवता आउन सक्दैन(श्रेष्ठ, २०६८, पृ. ११) साहित्यको एक सशक्त विधा रहेको आख्यानको उपविधा कथाको संरचनामा दृष्टिविन्दुको अहम् भूमिका रहने गर्दछ ।

कथा विधाको सृजना तथा कथाकार र पाठकबीचको रिक्ततालाई भर्ने निर्विकल्प माध्यम अझ भनौं लेखक/पाठक सम्बन्ध स्थापित गर्ने कथाको प्रमुख माध्यम नै दृष्टिविन्दु हो । मूलभूत रूपमा लेखकीय विचार सम्प्रेषणको माध्यम भएकाले दृष्टिविन्दुलाई दृष्टिकोण वा दृष्टिकेन्द्र जस्ता शब्दले परिभाषित गर्ने प्रचलन रहे पनि नेपाली साहित्यका सन्दर्भमा दृष्टिविन्दु शब्द नै स्थापित छ । कथावाचकले कथा सुनाउनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ विशेषलाई दृष्टिकोण वा दृष्टिविन्दु भनिन्छ (नेपाल, सन् २००५, पृ. ९८ ) । दृष्टिविन्दुमा कथाकारले दिन खोजेको सन्देश वा आफ्नो वैचारिक अभिवृत्तिलाई कुन स्थानमा, कुन भूमिकामा कसरी उपस्थित भई कुन प्रक्रियाबाट प्रस्तुत गर्ने भन्ने पक्षको समष्टि उत्तर प्रतिबिम्बन हुने गर्दछ । कथाकारले आफ्नो सामग्रीलाई व्यक्त गर्दा मूलभुत माध्यमका रूपमा अवलम्बन गर्ने कल्पना शिल्पविधानसम्बद्ध महत्त्वपूर्ण विधिलाई दृष्टिकोण, दृष्टिकेन्द्र अथवा दृष्टिविन्दु भनिन्छ (शर्मा, २०६७, पृ. ६९) । दृष्टिविन्दु प्रस्तुतीकरणको एउटा माध्यम हो जसले कथाकारको विचारलाई सोद्देश्यमूलक रूपमा पाठकसमक्ष राख्दछ । कथाका तत्त्वहरूमध्ये सम्बोधकले कसरी आफ्ना विचारलाई सम्बोधितसम्म पुऱ्याउन चाहेको छ भन्ने विषयको प्रतिनिधित्व दृष्टिविन्दुले गरेको हुन्छ । दृष्टिविन्दु भनेको त्यो अवस्था वा हरेक कुराको दृष्य लिन सकिने त्यो विन्दु हो जहाँबाट कथाका घटनाहरू पाठक समक्ष पुऱ्याउनकालागि समाख्याताले निरीक्षण गर्ने गर्छ । दृष्टिविन्दुलाई अङ्ग्रेजीमा पर्सपेक्टिभ (perspective) तथा फोकलाईजेसन (focatization) पनि भनिन्छ(बराल, २०६९, पृ. ७२) । दुष्टिविन्दु कथाकारले कथा लेख्नुअघि कथालाई कसरी प्रस्तुत गर्ने भन्ने विषयमा निर्माण गर्ने अवधारणासँग सम्बन्धित रहेकाले यसमा प्रस्तुतकर्ताको भूमिका के हो ? र कोसँगसम्बद्ध छ भन्ने विषयका आधारमा यसको भेदउपभेदको विषयमा विमर्श भएको छ ।

मूलभूत रूपमा कथा रचनाका सन्दर्भमा कथ्यविषयको प्रस्तोताको भूमिकाका आधारमा दृष्टिविन्दुको निर्धारण हुने गर्दछ । आख्यानमा दृष्टिविन्दुको स्वरूप सम्पाकदीय, सर्वज्ञाता, तटस्थ सर्वज्ञाता, 'म' साक्षीको रूपमा, 'म' नायकको रूपमा, विविध चयनात्मक सर्वज्ञाता, चयनात्मक सर्वज्ञाता, नाटकीय र क्यामेरा विधि (शर्मा उद्धृत फ्रिडम्यान, १९७८, पृ ७०) । कथाकारले सृजन प्रक्रियाको पूर्वाद्धमा निर्माण गर्ने धारणासम्बद्ध घटनाको निर्माण गरेपछि ती घटनालाई कुन परिवेश र कस्ता पात्रका अन्तर्साक्ष्यमा ती धारणाले समूर्तन प्राप्त गर्दछ । आख्यानमा दृष्टिविन्दुको भूमिका कथावाचक–प्रथम पुरूष–सहभागीका रूपमा प्रमुख चरित्र (केन्द्रीय) र गौण चरित्र कथावाचक (परिधीय) दुई तथा तृतीय पुरूष–स्वतन्त्र वक्ताको भूमिकामा सर्वज्ञाता, प्रमुख पात्रको कोणबाट सीमित र सामान्य पात्रको कोणबाट बाह्यजस्ता तीनप्रकारमा वर्गीकृत छ (केनेडी (१९८३, पृ. १९) । कथाकारको दृष्टिकोण र त्यसलाई गतिशीलता दिने पात्र तथा ती पात्रका क्रियाकलापका माध्यमबाट कसरी यसको निर्धारण हुनेगर्दछ । दृष्टिविन्दु मूलभूत रूपमा कथाकारले चयन गरेको माध्यमसँग सम्बन्धित माध्यम भएकाले आफ्ना विचारलाई आफ्नै उपस्थितिमा सोझौ भन्ने वा कसैका माध्यमबाट प्रस्तुत गर्ने भन्ने विषय स्रष्टामा निर्भर रहने विषय भएकाले कथाकारले स्वयम् उपस्थित भई वा कथयिताका रूपमा आफैंलाई प्रस्तुत

गरी विचार सम्प्रेषण गरेको छ भने त्यस्तो सम्बोधकको उपस्थिति आन्तरिक दृष्टिविन्दुका माध्यमबाट मुखरित भएको हुन्छ । दृष्टिविन्दु पात्र कथामा प्रथम पुरूषको रूपमा रहँदा आन्तरिक दृष्टिविन्दु (internal viewpoint) हुन्छ यसअन्तर्गत केन्द्रीय दृष्टिविन्दुमा स्वयम् कथाका वा अरू कुनै पात्र म का रूपमा मुख्य पात्र रही कथा प्रस्तुत हुन्छ । यस दृष्टिविन्दुमा कथित कथामा मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत हुन्छ ।

कथामा परिधीय दृष्टिविन्दुमा चाँहि म पात्र त रहन्छ तर कथामा त्यसको स्थान कि त गौण रहन्छ कि तटस्थ । त्यस्तो दृष्टिविन्दुबाट लेखिएको कथामा मुख्य कथाको केन्द्र अर्कै पात्र बनेको हुन्छ र म पात्रले त्यही पात्रलाई केवल प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ (श्रेष्ठ, २०६८, पृ. ११-१२) । आन्तरिक दृष्टिविन्दु मूलतः केन्द्रीय र परिधीयमा विभाजित छन् भने प्रस्तुतिको केन्द्रीय तहमा 'म' पात्र समाख्याताका रूपमा उपस्थित भई वा कुनै म पात्रका माध्यमबाट कथागत अभिवृत्तिलाई प्रस्तुत गर्दछ भने त्यो प्रथमपुरूष केन्द्रीय दृष्टिविन्दु हो । यस दृष्टिविन्दुको केन्द्रमा समाख्याता रही आख्यानमा समाख्यानमूलक विचार, मानसिक परिवेश र सन्दर्भलाई चित्रण गरिरहेको हुन्छ । प्रस्तुत मैले नजन्माएको छोरो कथाको कथ्यविषयलाई प्रस्तुत गर्ने समाख्याता अर्थात् म' पात्रको केन्द्रीय भूमिकाका आधारमा यो कृति दृष्टिविन्दुका कोणबाट अध्ययनीय सामग्री हो । प्रस्तुत कथामा दृष्टिविन्दुको विषय क्रमशः तलका उपशीर्षकमा बिस्तारपूर्वक विश्लेषण भएको छ ।

## सामग्री विश्लेषण र नतिजा

आख्यनानशास्त्रका कथ्यकथन गर्ने कथा निर्मापक एकाइ दृष्टिविन्दु कथ्यविषयकृ माध्यमका रूपमा परिभाषित छ । पारिजातको मैले नजन्माएको छोरो कथामा दृष्टिविन्दुको निरूपण गरिने यस लेखमा उक्त कोणबाट सामग्रीको विश्लेषण क्रमशः तलका उपशीर्षकमा भएको छ ।

### कथामा दृष्टिविन्दु पात्र र अन्यपात्रको सम्बन्ध

दृष्टिविन्दु लेखकीय अभिवृत्तिलाई कथ्यका माध्यमबाट पाठकसमक्ष सन्देश प्रवाह गर्ने स्रष्टाप्रदत्त माध्यम हो । कथा सिर्जनाका लागि चयन भएको निश्चित स्थान, समय र परिवेश तथा त्यसका अन्तर्यमा घटेका घटनाको संयोजन गर्ने माध्यमका साथै तिनलाई मूर्त आकार दिने सन्दर्भमा एकाधिक पात्रको उपस्थिति हुन्छ भने ती पात्रबीचको पारस्परिक अन्तर्सम्बन्धबाट कथ्यको निर्माण हुने भएकाले तिनको भूमिका र सम्बन्धका आधारमा दृष्टिविन्दुले सार्थक रूप प्राप्त गर्दछ । मथामा चित्रित पात्र र तिनको पारस्परिक अन्तर्सम्बन्धबाट कथाको समाख्याता वा समाख्याताप्रदत्त पात्रका रूपमा दृष्टिविन्दु पात्रले कथ्यलाई निश्चित फलागम अर्थात् कथासूत्रको विकास गर्ने भएकाले कथाका पत्रबीचको पारस्परिक सम्बन्धका साथै कथ्यविषय, त्यसमा प्रस्तुत घटना, कथ्यसन्देश, परिवेश र सारतत्त्वसमेत एकआपसमा जोडिई कथाको संरचना हुने भएकाले दृष्टिविन्दुको आधारभूत पक्ष भन्नु नै कथयिता अर्थात् दृष्टिविन्दु पात्र र अन्य पात्रबीचको सम्बन्धबाट निर्माण हुने विषय हो । प्रस्तुत "मैले नजन्माएको छोरो" कथामा दृष्टिविन्दु पात्र अन्य पात्रको सम्बन्ध कथ्यविषयको प्रस्तुतकर्ता अर्थात् दृष्टिविन्दु 'म' पात्र र अन्य पात्रको पारस्परिक अन्तर्सम्बन्ध, तिनीहरू बीच घटित घटना, त्यसले सिर्जना गरेको उतारचढाव र सम्बन्ध स्वीकार र सम्बन्धविच्छेद अर्थात् अस्वीकारसम्मको कथ्यविषयको आधार बनेको छ । कथाको दृष्टिविन्दुको केन्द्रमा रहेको 'म' कथासंसारमा घटेका सबै घटना, पात्र, परिवेश, त्यसबाट

उत्पन्न द्वन्द्वात्मकताजस्ता विषयको नेतृत्व लिने पात्र हो । कथाको ‘म’ पात्रकै नेतृत्वमा कथ्यविषयमा उसको नजन्माएको छोरो अर्थात् कुनै बालकप्रतिको सम्मोहन तथा उक्त बालककी आमाको रूपमा पकिल्पना गरेको तथा सम्बन्धका आधारमा आमाछोराको सम्बन्धलाई कथाका निम्नलिखित उद्धरणले पुष्टि गर्दछन् -

मेरो झ्यालको सोझै मुनितिर दुई जना ठिटाहरू । एक जना उभिएको छ र अर्को घोप्टेर साइकलको जञ्जिर हाल्न लागेको छ । उनीहरू लगभग बाह्रतेह्र वर्षका हुँदा हुन् । घोटेर साइकलको जन्जिर हाल्नेले टाउको उँभो उठाउँछ र मलाई झ्याल देख्छ । म एकपटक उसलाई हेरिरहन्छु । ऊ लाज मान्दै, गाला र कान रातो पार्दै त्यहाँ बाट भाग्छ । आजको दिन एक बिशेष दिन, आजको हेराई एक बिशेष हेराई, आजको संयोग एक विशेष संयोग, जसलाई होस निकै बेर आँखा जुधाएर मैले हेरेकी मैले आँखाबाट त्यो ठिटो भाग्छ तर म उसलाइ बिर्सन सक्तिन । कालो कालो अनुहारमा दुई अति रहर लाग्दा आँखा चञ्चल पुतली घुम्रीएको कपाल कञ्चट र घुच्चुकमा मुन्द्रो पारेर झरेको कपाल मन हेर्ने मुस्कान म कोशिश गर्दा पनि भुल्न सक्तिनँ (पारिजात, २०७५, पृ. ४१) ।

प्रस्तुत कथांशमा कथाको शीर्षकले सङ्केत गरेको दृष्टिविन्दु पात्र ‘म’ र उसले मानसिक गर्भाधानबाट सन्तानसुखका लागि परिकल्पना गरेको सन्तान र उक्त सन्तानप्रतिको बात्सल्य र सम्मोहनको विषय प्रस्तुत हुनु अविवाहित वा लोग्नेनिरपेक्ष सन्तानको कल्पना र त्यसबाट प्राप्त हुने सुखभोगको विषय प्रस्तुत भएको छ । आफू अविवाहित रहेर पनि मानसिक गर्भमा सन्तानलाई जन्माएर हुर्काउने नारी भूमिकामा रहेकी नारी र छोराको भूमिकामा रहेको अमूक पात्रबीचको सम्बन्धले नै ‘म’ पात्रमा मानसिक संवेग र उचारचढावको अवस्था सिर्जना गरेको छ । कथाकी दृष्टिविन्दु पात्र र अमूक पात्रबीचको सम्मोहन सम्बन्धले नै कथ्यविषय, सन्देश र अन्तर्वस्तुका साथै घटनाको नियमित विकास, बिस्तार र निष्कर्षसम्म पुगेको छ । बाटोपट्टि फर्किएको कोठा, कोठाको झ्यालबाट हेर्दा देखिएका दुई किशार, ती दुई किशोरमध्ये एउटाप्रति दृष्टिविन्दु पात्रको बात्सल्य र त्यसप्रतिको आकर्षण अव्यक्त रूपमा अविवाहित नारी मनोविज्ञानको अभ्यन्तरमा रहेको कामवासनाको परिपूर्ति गर्ने माध्यमका रूपमा प्रकटित मानसिक यथार्थ हो भने अविवाहित रहेकोमा आत्मगौरव रहेको तर सन्तानप्रतिको आकर्षण तीब्र रहेको कथ्यसन्देश प्रस्तुत गर्ने यस कथांशमा दृष्टिविन्दु पात्रको विसङ्गत चेतनाको प्रस्तुति पनि भएको छ । दृष्टिविन्दु पात्रले मानसिक सन्तान र त्यसमा पनि छोरोका परिकल्पना गरी त्यसैअनुरूपको कथ्यविषयको विकास र विस्तार गर्ने यस कथांशमा अमूक किशोरको शारीरिक व्यक्तित्वको वर्णन तथा त्यसका विषयमा गरेको परिकल्पना कथानकका तहमा यसको बिस्तार गर्ने सेतु हो भने परिवेशका तहमा वयस्क युवतीको अतृप्त मानसिकतामा परिवार, सन्तान, मोह, अकर्षण र गृहस्थी जीवनको आनन्दसँग जोडिने विषय पनि हो । दुई अपरिचित वयस्क युवती र किशोरबीचको सम्बन्धका आधारमा पुरुषरहित आमाको कल्पना गर्ने नारी र किशोरबीचको सम्बन्ध आमाछोराको रहने कथ्यविषयलाई कथाले प्रस्तुत गरेको छ । छोराको परिकल्पना गरी मानसिक सन्तुष्टि र आमा हुनुको गर्वबोध गर्ने दृष्टिविन्दु पात्रले प्रजनन प्रक्रियाका लागि पुरुषको अनिवार्यता तथा सामाजिक संरचना र विश्वासमा पोइको आवश्यकता अकल्पनीय पीडाको कारक बन्ने कथ्यविष्य निम्नलिखित कथांशको अन्तर्वस्तु हो ।

कल्पना गर्छु यहाँ सबै छोरैछोरा भए अनि आफैँ खिस्स हाँस्छु तर छोरो खेलौनालाई पोइ चाहिन्छ पोइ भन्नासाथ मेरो आङ् सिरिङ्ग हुन्छ किनकी यो पोइ मैले कहिल्यै कल्पना नगरेको वस्तु हो पोइ भन्दा

मलाई घिन लाग्दो लाग्छ मलाइ् छोराको लोभले म कल्पनामा पोइ समात्न खोज्छु तर मरे पनि समात्न सक्तिन (ऐजन, पृ. ४३-४४) ।

प्रस्तुत कथांशमा समाख्याताले दृष्टिविन्दु पात्रका रूपमा चयन गरेको 'म' पात्रको मानसिक धरातलमा अविवाहित अवस्थामा सन्तान तथा त्यसमा पनि छोराको परिकल्पना गरेको तथा छोरासँगको अन्तरङ्ग सम्बन्धमा पोइको आकस्मिक उपस्थितिले सोच नै परिवर्तन गरेको विषयलाई सन्दर्भित गरेको छ । अविवाहित नारी भूमिकामा रहेकी दृष्टिविन्दु पात्रको मानसिकतामा छोरो हुनु अथवा छोरालाई प्राप्त गर्नु आफैंमा जटिलता नभए पनि छोरोको भौतिक व्यक्तित्वका लागि पोइको अनिवार्यता रहने जैविक विधानलाई निषेध गर्ने अभिवृत्ति पुरुष निरपेक्ष जीवन र जैविक प्रक्रिया निरपेक्ष सन्तानको अपेक्षा जागृत भएको छ । अर्धचेतनमा छोराको अस्तित्वलाई आत्मसात् गर्ने दृष्टिविन्दु पात्रमा चेतनतहमा जैविक सेचन र सन्तान उत्पादनका लागि पुरुषसंसर्गप्रतिको जुगुप्साको अभिव्यक्ति पुरुषनिरपेक्ष जीवनको परिकल्पनामा केन्द्रित विसङ्गत चेतनाको प्राप्ति नै हो । सत्तासम्कन्धमा नारीपुरुष जसको वर्चस्व रहे पनि नारीपुरुष सम्बन्ध र सहअस्तित्वका आधारमा परिवार, सन्तान र त्यसप्रतिको उत्तरदायित्वको विरतरण हुने जैविक नियमका विपरीत पुरुषको उपस्थिति र अस्तित्वलाई अस्वीकार गर्ने दृष्टिविन्दु पात्र र मानसिकतामा आएको पोइबीचको सम्बन्ध छोरोसँग नजिक हुनुपूर्व नै खण्डित र सम्बन्धविहीन भएको छ । छोरोप्रतिको सम्मोहन तथा पोइप्रतिको पूर्णतः विकर्षणका कारण पनि आमा हुनुको अनुभव गर्ने तथा छोराको उपस्थितिमै मातृत्वगुण सञ्चरित भएको अनुभव गर्ने दृष्टिविन्दु पात्रमा पुरुषको अनुपस्थितिमा पनि मातृत्वको अनुभव गर्नसकिने तथा त्यसको वास्तविकता नारीमात्रको संज्ञानक्षेत्र रहने तथ्य उपर्युक्त सन्दर्भको अन्तर्वस्तु हो । सन्तानप्रतिको सम्मोहन तथा त्यसबाट प्राप्त हुने आनन्दानुभूतिको अनुभवका लागि विवाह, परिवार, प्रसवपीडा र सन्तानउत्पादनका क्रियामा समावेश भइरहन् नपर्ने तथा त्यसको प्राप्ति बालबालिकाको सानिध्य र तिनीहरूप्रतिको आकर्षणबाटै प्राप्त हुने मातृसन्तान सम्बन्धको अभिव्यञ्जना कथाको निम्नलिखित अंशमा भएको छ ।

निधारमा बज्रेको गोलाले आँखामा फिलुङ्गो उडाइदिन्छ म लाजले र लोलाको रङ्गले राम्मे हुन्छु मेरो छोरो सुकुमारी हाँसो हाँस्दै अलिक पर उभिराखेको हुन्छु अँ यो मुस्कान चाहीने म पटक्क सहन सक्तिन र भाग्छु तर हिँडाइमा बोझ छैन फुलजस्तो हलुका भएको छ मेरो पाइलो (ऐजन, पृ. ४४-४५) ।

दृष्टिविन्दु पात्रको मानसिक संसारमा सुरक्षित स्थान बनाएको विशोरवयको केटो र उसको व्यक्तित्वलाई छोराको भूमिकामा ग्रहण गर्ने 'म' पात्रको तर्कमा सन्तानले गरेका अवाञ्छित कार्य र त्यसको परिणाम असामाजिक भए पनि प्रीतिकर हुने कथ्यसन्देश प्रस्तुत गर्ने यस उद्धरणमा मानव मानसिकतामा स्थापित भइसकेको सत्य र विश्वासका सामु हरेक विषय सामान्य लाग्ने विषयको प्रस्तुति छ । दृष्टिविन्दु पात्रको मानसिकताले किशोरलाई छोराको रूपमा ग्रहण गरिसकेकाले उसका हरेक क्रियाकलाप यसका लागि क्षम्य र प्रीतिकर छन् । नारीलाई निशाना बनाइ लोला हान्ने किशोर र उसको समूहको असभ्यतालाई अभ्यन्तरित रूपमा स्वीकार गरी आनन्दको अनुभूति गर्ने दृष्टिविन्दु पात्र जैविक प्रक्रियारहित सन्तानको परिकल्पना गरी त्यसकै अन्तर्यमा आफ्नो सन्तानेच्छाको परिपूर्ति हुने चेतनक्रियामा अभ्यस्त छ ।

नारीमैत्री दृष्टिकोणले पनि नारीमाथि गरिने यसप्रकारको अभद्रशैलीलाई अङ्गीकार गर्ने दृष्टिविन्दु पात्रको चेतनप्रक्रियाले अस्वीकार गरेको समवयस्क पोइ र त्यसबाट प्राप्त हुने अन्तरङ्ग-बहिरङ्ग आनन्दको परिपूर्ति सन्तान भन्नसकिने छोराको परिकल्पना र त्यसको क्रियाकलापका माध्यमबाट परिपूर्ति गर्ने माध्यम बनाएको तथ्य यस उद्धरणको अन्तर्वस्तु हो । सन्तानप्रतिको सम्मोहन र बृद्धिविकासका क्रममा छोराको सामाजिक सम्बन्ध तथा भूमिका कथाका निम्नलिखित अंशमा प्रस्तुत भएको छ । "छोरो भनाउँदो हात हालेर साहुनीसँग ठट्टा गरिरहेको हुन्छ । मतिर उस्तै गरी हाँसेर हेर्छ । साहुनी भनिराखेकी हुन्छ ए छाड मोरा बुढीसँग पनि चल्ने" (ऐजन, पृ. ४६) । यस कथांशमा दृष्टिविन्दु पात्रले कल्पना गरेको छोरो समयान्तरसँगै वयस्क भई सामाजिक भूमिकामा दुर्व्यसनीको शिकार भई चुरोट र रक्सीको कुलतमा परी स्कुल र कलेजका स्थानमा भट्टीमा बिताउने, भट्टीकी सञ्चालिकासँगै नारी हिंसा र अभद्रता देखाउने सन्तानसँग आमाको सम्बन्धविच्छेद हुँदैगएको र सन्तानप्रतिको सम्मोहन भङ्ग भएको सन्दर्भ प्रस्तुत भएको छ । सन्तान कर्तव्यपालक र आमाबाबुको आदर्शलाई निरन्तरता दिने योग्यता भएको परिकल्पना गर्ने दृष्टिविन्दु पात्रमा कल्पित छोराको भूमिका शङ्कास्पद र पारिवारिक संस्कारविहीनताबाट प्रेरित रहेकाले त्यसप्रतिको मोहभङ्ग भई सन्तानहीन सुख नै प्रीतिकर हुने विषय यस कथांशमा प्रस्तुत भएको छ । प्रस्तुत कथामा समाख्याताले दृष्टिविन्दु पात्रको भूमिकामा चयन गरेको 'म' पात्र, छोरो, पोइ, कल्पित छोरोको साथी, भट्टी पसले साहुनी तथा अन्य साङ्केतिक, प्रासङ्गिक र सूच्य पात्रबीचको सम्बन्ध आलोचनात्मक र निरपेक्ष छ । कथाको दृष्टिविन्दु पात्र 'म' हो भने 'म' पात्रकै आवेग, संवेग, उदासी, निराशा, हर्ष, उन्माद, खुसी, क्रिया-प्रतिक्रिया-अन्तर्क्रिया, विषयको प्रस्ताव, समर्थन, विमति, खण्डन-मण्डन, सन्तुष्टि-असन्तुष्टि र निष्कर्षसूचक विषय र भावका अन्तर्यमा कथाले पूर्णता प्राप्त गरेको छ । कथामा आएका कथ्यविषय, पात्र, परिवेश र सारतत्त्वजस्ता कथारचनाका घटकसँग प्रत्यक्षसम्बद्ध 'म' पात्रको भूमिका तथा 'म' पात्रको अन्तरङ्ग जीवनदृष्टिकोणको अभिव्यञ्जना भएको यस कथामा अन्यपात्रसँगको सम्बन्ध अन्तर्मुखी एवम् सम्बन्धविहीन सम्बन्धमा आधारित विषयको स्थापन गर्न अग्रसर छ भने कथाको रचनाविधान प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुमा संरचित रहेको छ ।

## कथामा प्रथमपुरूष केन्द्रीय दृष्टिविन्दु

प्रस्तुत "मैले नजन्माएको छोरो" कथामा प्रथमपुरूष केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ । कथामा समाख्याताले कथयिता सम्बोधकका रूपमा चयन गरेको प्रमुख म पात्रले कथाको कथ्यलाई प्रस्तुत गरेको छ । कथ्य विस्तारका क्रममा म पात्रका मानसिकतामा आएको संवेगका भिन्न मोड र स्थितिले कथ्यको निर्माण भएको छ । म पात्रका रूपमा उपस्थित भएको कथावाचकको संवेगात्मक स्थितिका विभिन्न मोड-उपमोडका अन्तरसाक्ष्यमा कथाको आरम्भ, विकास, विस्तार, चरम र अपकर्ष भई कथाले पूर्णता पाएको छ । यस कथामा प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दु 'म' पात्र हो भने 'म' पात्रले आफू र आफ्नो परिवेशको विषयमा सूचना दिई कथाको आरम्भ गरेको छ । आफ्नो परिवेश र त्यसको वरिपरिको दृश्यका आधारमा आफू एक्लो रहेको, एकान्त भएका कारण समय बिताउने माध्यम भ्यालबाट बाहिरको दृश्य हेर्नु र त्यहाँको वस्तुस्थितिको मूल्याङ्कनमा सीमित रहेको अवस्थामा मानसिकतामा विविध सन्दर्भको उठान हुनु, ती सन्दर्भका विषयमा मानसिक अन्तर्क्रिया हुनु, सशरी पर्यावरणमा एक्लो हुनुको आभाष र फुर्सदका कारण हरेक व्यक्ति, तिनको अवस्था, चारित्रिक विशेषता तथा बाह्यपर्यावरणसँग मानसिक विचरण र अन्तर्क्रियाका कारण स्वयम् तिनीहरूका विषयमा पूर्ण जानकार रहेको सामर्थ्यवान् चरित्रका रूपमा प्रस्तुत गरेको छ ।

कथाको आरम्भमा आफ्नो भूमिकालाई स्पष्ट पार्ने 'म' पात्र र उसको भूमिका निम्नलिखित कथांशमा अभिव्यक्त भएको छ । "मेरो कोठा त सडकतर्फ नै पर्छ । झ्याल उदाङ्गै खोलेर सडकको चहलपहल हेर्नु मेरो आफ्नो दिनचर्याको एउटा मुख्य अङ्ग हुनआएको छ, म प्रायः यहाँबाट हेरिरहन्छु । यहाँबाट सँधै ओहोरदोहोर गर्नेहरू सबैलाई म चिन्छु" (ऐजन, पृ. ४०) । प्रस्तुत कथांश कथाको आरम्भ हो भने यही सन्दर्भले सम्बोधक र दृष्टिविन्दु पात्रका रूपमा 'म' पात्रको भूमिकालाई स्पष्ट पारेको छ । सम्बोधकको भूमिकामा 'म' पात्रले कथ्यविषयलाई सङ्केत गर्दै जीवनको एक्लोपन र फुर्सदका कारण परिवेश र व्यक्तिसँगको प्रत्यक्ष सम्बन्धका माध्यमबाट कथाको आरम्भ गरी कथ्यविषयलाई निरन्तरता दिएको छ । कथागत अभिवृत्तिलाई गतिशीलता दिनका लागि आफ्नो निजी परिवेश र त्यसका आधारमा मानसिक संसारको विषयमा सङ्केत गर्ने यस उद्धरणका माध्यमबाट आफ्नो भूमिका कथामा केन्द्रीय रहने तथा आफ्नै मनोभाव र चेतनाकै आधारमा कथ्यसन्देश प्रतिपाद्य रहने विषयको स्थापना गर्ने यस उद्धरणले कथाको शीर्षकले सम्बोधन गरेको विषयका साथै कथ्यसन्देशलाई समेत सूचित गरेको छ । कथाको आरम्भमा आएको यस उद्धरणमा सिङ्गो रचनाको केन्द्रीय चरित्रका रूपमा प्रस्तुत गर्ने 'म' पात्रको भूमिका स्पष्ट हुनु प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको पुष्टि हुँदै हो ।

कथारचनामा 'म' पात्रको मानसिक संरचना र कथ्यविषयको निर्देशसँगै आफ्ना बारेमा आफैंले निर्माण गरेको भाष्य तथा त्यसका अन्तर्यमा स्वयम्को वास्तविकता र जीवनको परिभाषाभित्र आफ्नै जीवनको वास्तविकतालाई कथ्यविषयसँग जोड्दै म अरुभन्दा कसरी भिन्न छु तथा समाजसँगको आफ्नो पार्थक्यको विषय प्रस्तुति 'म' पात्रकै केन्द्रियतामा हुनु प्रथम पुरुष दृष्टिविन्दुको परिचायक हो । कथामा समाज र सामाजिक जीवनभन्दा आफूलाई भिन्न देखाइरहँदा आफ्नो वास्तविकता तथा त्यसका अन्तर्यमा पल्लवित भइरहेको आवेग-संवेग र कथ्यविषय बिस्तारको सन्दर्भ निम्नलिखित कथांशमा भएको छ । "मलाई कुखुरे बैंसले छोएन यौवनको चञ्चलताले छोएन मलाइ कहिल्यै कसैसित प्रेम गरूँ जस्तो लागेन, मलाई विवाह गर्ने शोख जागेन गृहिणी बन्ने रहर भएन र म अविवाहिता छु वयस्क हुन थालिसकेँ (ऐजन, पृ. ४२-४३) । यस उद्धरणले आफ्नो घर, झ्यालछेउको कोठा, आवतजावत गर्ने मानिसहरूसँगको पहिचान, तिनको वास्तविकतासँगको साक्षात्कारजस्ता परिवेशलाई नजिकबाट नियाल्ने 'म' पात्रको पारिवारिक जीवनको कल्पना र त्यसले सार्थक् रूप प्राप्त गर्न गइरहेको अवस्थामा वयस्क हुनुको तात्पर्य गृहस्थी र त्यसको उत्तरदायित्व हो भन्ने विषयबोध गरी १२-१३ बर्षको अपरिचित युवालाई अभ्यन्तर र अचेतनबस् सन्तान स्वीकार गरी त्यसका क्रियाकलापको निगरानी गर्नु तथा उसका सबल पक्षलाई स्वीकार गरी निर्बल पक्षलाई सुधार गर्ने अपेक्षा गर्नुजस्ता विषयगत कथ्यनिर्माण गरी कथालाई विकसित तुल्याउन 'म' पात्रकै केन्द्रीय भूमिका प्रस्तुत गरेको छ । वयस्क नारीमा सन्तानको उपस्थिति र त्यसबाट शरीरमा विकास भएको मातृगुणका कारण एकदृष्टिले पूर्ण आमाको अनुभूति गर्ने 'म' पात्र अविवाहित रहेरै पनि पूर्ण गृहिणीको भूमिकामा स्वयम्लाई रूपान्तरित गर्दै कल्पित छोराको लोला प्रहारले सिर्जना गर्ने हिंसाजन्य अवस्थालाई पनि स्वीकार गर्न तयार छ । यसका अतिरिक्त पारिवारिक सम्बन्धमा छोराको भूमिकालाई सर्वोपरि देख्ने 'म' पात्र आफ्नो सन्तान दुर्व्यसनीमुक्त शिक्षित र सम्मानित बनोस् भन्ने आत्मप्रेरित विश्वासमा दृढ रही आदर्शवादी र अनुकरणयोग्य बनून् भन्ने कल्पनासम्म पुग्नु अविवाहित नारीमा पनि सन्तान, परिवार र सामाजिक संरचनाप्रतिको जवाफदेहिता रहने पक्षको हिमायती हुनु हो । छोराको आदर्शस्वरूपको परिकल्पना गर्दा छोरो जन्माउनका लागि अनिवार्य मानिने

पोइको उपस्थितिले मर्माहत 'म' पात्र आफूले परिकल्पना गरेको छोराको व्यक्तित्व अनादर्श बनेको विषयबाट आहत भई सन्तान सुखका नभई दुःखका कारक हुन् भन्ने निष्कर्षमा पुगेकी छ ।

विद्यालय जाने उमेरमा पुस्तक बेचेर सिनेमा र चुरोटको लतमा परेको 'म' पात्र कल्पित छोराको व्यवहार उसको वयस्क रूपसँगै भट्टीमा व्यतित हुनु, उसका विषयमा 'म' पात्रले गरेको छोरो व्यक्तित्वको परिकल्पना आफ्नो सोचको विपर्ययमा पाउनु तथा साँच्चै आफ्नो विवाह भई सन्तानप्राप्तिपछि वर्तमानको सामना गर्नु परेको भए जीवन सुखी र सुखान्त नभई दुर्दान्त हुने परिकल्पना गरेको विषयप्रस्तुतिमा 'म' पात्रकै केन्द्रीय भूमिकामा रहेको सन्दर्भले कथारचनालाई निर्णयक मोडतर्फ प्रवृत्त गराउनु प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको सशक्त आधार हो । यसका अतिरिक्त कथाले मानसिक संसारमा स्थापित विश्वास र जीवनजगत्का स्थापित भएको विश्वासमा तादात्म्य नहुने भएकाले 'म' पात्रको छोरो र त्यसका बारेमा निर्माण भएको विश्वास स्वयम्का लागि प्रत्युत्पादक रहेको विषयको प्रस्तुति निम्नलिखित कथांशमा भएको छ । "कान र गालाको मुस्कान, चुरोट फोक्सो ओकल्ने खोकी, सफा बाटो र खकार । म अतासिन्छु तर तर मेरो आँखा भरिदैन, यसैले कि म आमा होइन अबको पाली आँखामा होइन हृदयमा कालो पर्दा आउँछ म निकै तल खस्छु (ऐजन, पृ. ४५) । कथाको दृष्टिविन्दु पात्र अविवाहित रहेरै सन्तानको विषयमा गरिने चिन्तनबाट मान्छे यति धेरै दुःखी छ भने वास्तविक गृहिणीको भूमिका निर्वाह गरिरहेकी नारीको मनोसंरचना कुन हदसम्म भयावह होला भन्ने यथार्थबोधमा पुगेकी छ । जुन विषय स्मरण र कल्पनामै यति पीडाप्रद छ वास्तविकतामा यसको भयावह र वीभत्स रूप अकल्पनीय छ भन्ने निष्कर्षमा पुगेको 'म' पात्र अविवाहित रहेरै बाँच्नका लागि आफूले चयन गरेको मार्ग गृहस्थीजीवनका तुलनामा उच्चकोटिको रहने निष्कर्षमा पुगेको सन्दर्भ यस उद्धरणको अन्तर्वस्तु हो । आफूले अविवाहित रहन चयन गरेको मार्ग समाजका लागि निन्दित भए पनि स्वयम्का लागि उपयुक्त र विकल्परहित सही मान्ने 'म' पात्रको छोरोरहित जीवनको सुख नै सवोत्तम रहने निष्कर्षमा अस्तित्ववादी जीवनदृष्टिसमेत अभिव्यञ्जित भएको छ ।

कथाको सम्बोधकको केन्द्रीय भूमिकामा रहेको 'म' पात्रमा कल्पना, आकर्षण, सम्मोहन, वस्तुप्रतिको अन्तर्दृष्टि, व्यक्तिको आवृत्ति, त्यसका क्रियाकलापजस्ता विषयको निरन्तर पुनरावृत्तिले छोरोप्रति विकर्षण बढेको तथा जीवनका लागि लोग्ने, छोरो, परिवार, सन्तान अथवा त्यो संरचना नै अनावश्यक रहेको विषय कथाको निम्न अंशमा अभिव्यञ्जित भएको छ । "अब म झ्यालबाट हेर्दिन सडकलाई पढ्दिन । अब मलाई फुर्सदैफुर्सद छ । आज दिनभरी दराजमा भएका पत्रिकाहरू हेरी बसेकी छु मभित्र सल्बलाई रहेको त्यो तरल पदार्थ पुस महिनामा पानी जमेझैँ जमिसकेको छ अब म पग्लन्न, कहिल्यै पग्लन्न" (ऐजन, पृ. ४७) । सन्तानप्रतिको सम्मोहनले अविवाहित नारीमा स्थापित भएको मातृत्व समाप्त हुनुको कारक नारीलाई मातृवती बनाउने सन्तानबाटै अपहरित हुन्छ भन्ने पक्षको उद्घाटन गर्ने यस उद्धरणले सन्तान र त्यसप्रतिको उत्तरदायित्व निर्वाह गर्ने झन्झटबाट मुक्ति नै जीवनको प्राप्ति हो भन्ने विषय प्रस्तुत गरेको छ । प्रस्तुत कथाको आरम्भदेखि अन्त्यसम्मका प्रत्येक मोड, घटना, द्वन्द्व, क्रिया र कथ्य विषय 'म' पात्रका आवेग, संवेग र मानसिक उतारचढावसँग जोडिई आरम्भ, विकास, बिस्तार र निष्कर्षतर्फ अभिमुख भएका छन् । कथाको प्रमुख पात्र 'म' का मानसिकतामा दृढतर बनेको सन्तानहीन जीवनको निर्णय र कथ्यविषयमा प्रस्तुत 'म' पात्रइतरका पात्रको भूमिका गौण, सूच्य र प्रासङ्गिक भूमिकामा मात्र सीमित रहनु प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको पुष्टि हो ।

**कथामा प्रथमपुरूष दृष्टिविन्दु प्रस्तुतिको प्रयोजन**

प्रस्तुत कथा मूलभूत रूपमा प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुमा संरचित छ । प्रस्तुत कथामा कथ्यविषयको केन्द्रमा स्वयम्लाई स्थापित गरी समाजसापेक्षा आफूलाई प्रस्तुत गर्ने 'म' पात्रमा सन्तान र परिवार निरपेक्ष जीवन बाँच्ने चेतनाको प्रस्तुतीकरण गर्ने विषयगत अभिवृत्तिको प्रयोजन देखिन्छ । कथाको मूल अन्तर्वस्तु व्यक्तिमा निहित अस्तित्ववादी चेतना तथा समाज र सामाजिक विधानसँगको सङ्र्षलाई प्रस्तुत गर्ने यस कथामा समाज निर्मिति कानुनका रूपमा रहेको विवाह, परिवार, सन्तान, पोइजस्ता अभिवृत्तिबाट आफूलाई मुक्त राखी बाँच्न चाहने 'म' पात्रको चाहना अनुकूल विषयको प्रस्तुतिका लागि प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग सार्थक र अर्थपूर्ण छ । परिवार र पारिवारिक संरचनाकै अन्तर्यमा व्यक्तिको व्यक्तित्वले पूर्णता प्राप्त गर्ने सामाजिक विधान विपरीत आफूमा एक्लै जीवनको पूर्णता खोज्ने 'म' पात्रको भूमिका व्यक्तिले आफ्नो जीवनका विषयमा निर्णय गर्नपाउने स्वतन्त्रता र त्यसका लागि समाजसँग गर्नुपर्ने सङ्घर्षसँग सम्बद्ध छ । यस कथामा जीवन स्वतन्त्रताको उपभोगका लागि हो तथापि समाजिक बन्धनले मान्छेलाई वैयक्तिक स्वतन्त्रताबाट विमुख गराइरहेकाले सामाजिक बन्धनबाट मुक्ति नै व्यक्तिको सही अस्तित्व हो धन्ने विषयको पुष्टिका लागि प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ । कथाको सम्बोधकाो भूमिकामा रहेको केन्द्रीय दृष्टिविन्दु 'म' पात्रभित्र एक समयमा वैवाहिक जीवनविहीन सन्तानेच्छा जाग्नु तथा छोरोको परिकल्पनाले मात्र पनि मानसिक शान्ति प्राप्त हुने भएकाले सन्तान प्राप्तिप्रतिको एषणाको परिपूर्तितर्फ अग्रसर हुनु वैयक्तिक चयनकै निरन्तरता हो । व्यक्तिको जीवनप्रति निर्णय गर्ने अन्तिम अधिकार व्यक्तिमै सन्निहित रहने अस्तित्ववादी चिन्तनबाट प्रेरित 'म' पात्र आफ्नो अस्तित्वका लागि मानसिक गर्भमा सन्तानलाई जन्माई किशोरवयको छोराकी आमा भई त्यसैमा आफ्नो मातृत्व पल्लवित हुने विश्वासमा पुग्नु अस्तित्ववादी दर्शनअन्तर्गत वैयक्तिक चयन र त्यसको उत्तरदायित्वबोध स्वयम्मा रहने विषय कथाको निम्न अंशमा अभिव्यञ्जित भएको छ । "यो छोरो शब्द आउनासाथै ममा भुइँचालो जान्छ एक मात्र तुवाँलो फट्छ एउटा ठूलो प्रश्न चिन्ह हराउँछ छट्पटी कम हुन्छ घाँटी निमोठिन छोड्छ एकै साथ धेरैवटा बोझले छोड्छन् (ऐजन, पृ. ४३)" । आफू किशोर सन्तानकी आमा हुँ भन्ने आत्मविश्वास र मानसिकताले स्वयम्लाई स्वस्थ भएको अनुभव गर्ने 'म' पात्र सन्तानप्रति उदार भएर पनि परिवार र त्यसको अभिभावकका रूपमा लोग्नेलाई स्वीकार गर्ननसकिने निष्कर्षमा पुगेकी छ । लोग्नेको कल्पनाले मात्र आफ्नो अस्तित्व सङ्कटमा पर्ने अनुभूति गर्ने दृष्टिविन्दु पात्रमा व्यक्तिगत स्वतन्त्रताका लागि पारिवारिक आनन्दको व्याख्याभित्र पर्ने सन्तान र लोग्नेसँगको सहकार्यको जीवन स्वीकार्य नभई त्यसका स्थानमा व्यक्तिगत स्वतन्त्रता र बन्धनरहित जीवनको सार्थक मूल्य रहेको अनुभूतिमा रमाउने निर्णय र त्यसलाई महत्त्वपूर्ण प्राप्ति मान्ने चेतना प्रबल छ । व्यक्तिस्वतन्त्रताका पक्षमा स्वयम्लाई प्रस्तुत गर्ने 'म' पात्रको अभिवृत्तिभित्र पारिवारिक जीवन र यसको सांस्कृतिक विधानको परिधिमा जीवन बाँच्नुको तात्पर्य आफैंले आफ्ना लागि कष्टकर मार्गको चयन गर्नु हो भने यसलाई अस्वीकार गर्नुमा नै वास्तविक स्वतन्त्रता छ भनने विषय यस कथांशमा प्रस्तुत भएको छ ।

परिवार र त्यसमा पनि पितृसत्ताको प्रतिनिधि छोरो र उसुँगको सानिध्य जीवन प्रीतिकर र आह्लादपूर्ण मान्ने मानसिकतामा पुगेकी 'म' पात्र परिवार, सन्तान, त्यसप्रतिको आकर्षणका कारण नै रोगी र मानसिक असन्तुलनको सामना गर्ने स्थिति निर्माण भएको अनुभव र त्यसको उत्कर्षमा पुगेकी छ । कथाको निम्न कथांशले व्यक्तिगत स्वतन्त्रताको बाधक परिवार र त्यसले मान्छेलाई बन्धनमा पार्ने अनुभवलाई चित्रण गरेको

छ । “पिस्तोलको तातो गोली कानै बाटै सनसनाएर गइरहेको छ मेरो कानबाट धेरै ठूलो वस्तु हराउँछ म तलै खस्छु धेरै तल अबको पाली छोप्ने कालोले मलाई विश्व नै कालो देखाइदिन्छ मलाई फेरि हिष्टिरिया हुनखोज्छ (ऐजन, पृ. ४६)” । केन्द्रीय दृष्टिविन्दु पात्रको भूमिकामा रहेकी ‘म’ पात्रलाई छोरोप्रतिको आकर्षण र लोग्नेप्रतिको तिरष्कारजस्ता मानसिक द्वन्द्वले मानसिकतामा विकार ल्याउनेका साथै हिस्टेरिया भएका अनुभूतिसम्म पुऱ्याउने कारक व्यक्तिगत स्वतन्त्रतामाथिको सम्भावित आहत हो भने त्यही अस्तित्वप्राप्ति र स्वतन्त्रतावरणका लागि बाधक विषय पनि हो । व्यक्तिका लागि व्यक्तिगत स्वतन्त्रताभन्दा महत्त्वपूर्ण प्राप्ति केही पनि नहुने भएकाले त्यसका लागि आफ्नालागि प्रीतिकर विषय पनि त्यज्य हुन्छन् भन्ने कथ्यसन्देश उपर्युक्त अंशका आधारमा दिने यस कथामा सम्बोधक प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुमा प्रयोग गरिनुको प्रयोजन व्यक्तिगत स्वतन्त्रताका अन्तर्यमा अस्तित्ववादी जीवनचेतनाको प्रस्तुतीकरण हो भन्ने स्पष्ट हुन्छ ।

## ६. निष्कर्ष

प्रस्तुत लेख “मैले नजन्माएको छोरो कथामा दृष्टिविन्दुको विश्लेषणमा केन्द्रित छ । मानव अस्तित्वका लागि व्यक्तिगत स्वतन्त्रता अपरिहार्य र प्रथम आवश्यकता रहेको दार्शनिकता अवलम्बन गरेको यस कथामा कथ्यकथनका लागि समाख्याताले ‘म’ पात्रको भूमिकालाई सर्वोपरि स्थान दिएको छ । आख्यानशास्त्रले कथारचनाको मुख्य तत्त्व मान्ने दृष्टिविन्दुका दुई भेदमध्ये यस कथामा प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथाको दृष्टिविन्दु पात्र भन्नु नै ‘म’ पात्र हो भने यस पात्रले नै कथ्यविषयमा आएका अन्य पात्रको भूमिका र तिनको कथानिर्माणमा योगदानलाई नियन्त्रण र निर्देशन गरेको छ । यस कथामा समाख्याताले दृष्टिविन्दु पात्रका रूपमा ‘म’ पात्रलाई चयन गरेको छ भो उक्त ‘म’ पात्रकै केन्द्रीय भूमिकाभित्र अन्य पात्र जस्तै : कल्पित छोरो, कल्पित पोइ, कल्पित छोरोको साथी, भट्टी पसले साहुनी, चुरोट बेच्ने साहुजी, छोराको किताब किनिदिने व्यापारीजस्ता पात्रको भूमिका तथा कार्यव्यापार जीवन्त बनेको छ । कथाको दृष्टिविन्दु पात्रको भूमिकामा रहेको ‘म’ पात्रको जीवन र जीवनप्रतिको दृष्टिकोण अभिव्यक्त गर्ने क्रममा प्रमुख पात्रइतरका अन्य पात्र साङ्केतिक, प्रासङ्गिक र सूच्य भूमिकामा प्रस्तुत भएका छन् भने यिनीहरू बीचको सम्बन्ध आलोचनात्मक र निरपेक्ष छ । कथामा दृष्टिविन्दु पात्रको केन्द्रीय भूमिकामा रहने ‘म’ पात्र र उसको जीवनचेतना, जीवन र जगत्प्रतिको दृष्टिकोण, मानसिक र शारीरिक संरचना, आवेग, संवेग, उदासी, निराशा, हर्ष, उन्माद, खुसी, क्रिया-प्रतिक्रिया-अन्तर्क्रिया, विषयको प्रस्ताव, समर्थन, विमति, खण्डन-मण्डन, सन्तुष्टि-असन्तुष्टि र निष्कर्षसूचक विषय र भावका अन्तर्यमा प्रस्तुत हुनु प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको परिचायक हो । कथाको कथानकबद्ध ‘म’ पात्र यसको आदि, मध्य र अन्त्य बुनोटका प्रत्येक मोडसँग जोडिएको छ भने यसैका मानसिक उतारचढाव निर्णयले कथात्मक संसारको निर्माण भएको छ । आफ्नो जीवनको निर्णयकर्ता र निर्णयप्रतिको जवाफदेहिता आफैंले लिई सन्तान र परिवारविहीन जीवनमा आनन्द र सुखको अनुभव गर्ने कथाको प्रमुख पात्र ‘म’ का मानसिकतामा कथ्यविषय निर्माणका क्रममा आएका पात्रको भूमिका गौण, सूच्य र प्रासङ्गिक रहनु तथा मुख्य पात्रकै जीवनचेतनालाई उद्दीप्त तुल्याउने सन्दर्भका कार्यव्यापारमा मात्र उपस्थित हुनु प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको पुष्टि हो । कथाको दृष्टिविन्दु पात्र ‘म’ को केन्द्रीय भूमिकासँगै जीवनको अस्तित्वका लागि व्यक्तिगत स्वतन्त्रताको महत्त्व स्थापित गर्ने सारतत्त्व प्रतिपाद्य विषय हो । यस कथामा मानवअस्तित्वका लागि व्यक्तिको चयनका कारण निस्सार अनुभव भए पनि त्यो आवश्यक निर्णय

व्यक्तिको स्वतन्त्रताका लागि आवश्यक रहेको दार्शनिकताको पुष्टिका लागि प्रथमपुरुष केन्द्रीय दृष्टिविन्दुको उपस्थिति सार्थक रहेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्रीसूची

अवस्थी, महादेव (सम्पा.) (२०५३). *नेपाली कथा भाग २,* ललितपुर : साझा प्रकाशन ।
नेपाल, घनश्याम (सन् २००५). *आख्यानका कुरा.* सिलगुडी : एकता बुक्स पब्लिकेसन प्रा. लि. ।
पारिजात, (२०७५). *पारिजातका सङ्कलित रचना* (दोस्रो संस्क.), काठमाडौं : फिनिक्स बुक्स ।
बराल, ऋषिराज (सम्पा.) (२०६३). *नेपाली कथा भाग ३,* ललितपुर : साझा प्रकाशन ।
बराल, कृष्णहरि (२०६९). *कथासिद्धान्त,* काठमाडौं : एकता बुक्स पब्लिकेसन प्रा. लि. ।
शर्मा, गिरिधरप्रसाद (सन् १९७८). *हिन्दी उपन्यासोंका मनोविश्लेषणात्मकअध्ययन,* दिल्ली : इन्द्रप्रस्थ प्रकाशन ।
शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना सिद्धान्त र प्रयोग.* काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।
शर्मा, हरिप्रसाद (२०६७). *कथाको सिद्धान्त र विवेचना,* ललितपुर : साझा प्रकाशन ।
श्रेष्ठ, दयाराम (सम्पा.) (२०६८). *नेपाली कथा भाग ४,* ललितपुर : साझा प्रकाशन ।
Booth, W. (1961). *The Rhetoric of Fiction*, Chicago : Chicago University Press.
Kennedy, X.J. (1983). *An Introduction to Fiction* (3rd ed ), Boston : Little Brown and company.
Rosanheim, E. W. (1963). *What Happens in Literature* (5th edn.), Chicago : Chicago University Press.